# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मितिः २०७६/०४/२० गते

## प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

विषय :- घुस रकम सहित नियन्त्रणमा।

-------------------------------------

मालपोत कार्यालय टीकापुर कैलालीका नायव सुब्बा सिह बहादुर कुँवर र खरिदार नर राज पाण्डेले लम्की चुहा नगरपालिका र जानकी गाँउपालिका स्थित जमिनको हराएको लालपुर्जाको सम्पूर्ण कागजात तयार गरी प्रतिलीपि बनाउनका लागि जग्गा नाप जाँच गरिदिए बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट खटिई गएको टोलीले निजहरू नायव सुब्बा सिह बहादुर कुँवर र खरिदार नर राज पाण्डेलाई सेवाग्राहीसँग रू.८,०००। —(आठ हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा लम्की चुहा नगरपालिका वडा नं.३ ब्यवस्थित नगरबाट मिति २०७६।०४ १९ गते उक्त रकम सहित रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

प्रदीपकुमार कोइराला

प्रवक्ता